नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गाईघाट, उदयपुर

☎ ०३५-४२२१३३
०३५-४२२१३२
०३५-४२२१३१

कोशी प्रदेश, नेपाल

पत्र संख्याः- २०८२।८३

चलानी नम्बरः-

## निर्वाचन आचारसंहिता अनुगमन अधिकृतद्धारा निर्वाचन आचारसंहिता, २०८२ परिपालना गर्ने सम्बन्धमा जारी गरिएको सूचनाः-

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी, मितव्ययी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्ने, गराउने कार्य उम्मेदवार, राजनीतिक दल, दलका भातृ संगठन, नागरिक समाज तथा आम सर्वसाधारण नागरिक सबैको कर्तव्य र दायित्व हो। यसै सन्दर्भमा निर्वाचन आयोगबाट निर्वाचन आचारसंहिता, २०८२ जारी भईसकेको हुँदा निर्वाचन आचारसंहिता पालना गर्न/गराउन उदयपुर जिल्लामा क्रियाशील सबै राजनीतिक दल, दलका भातृ संगठन, नागरिक समाज तथा आम सर्वसाधारण नागरिकहरुका लागि तपसिल बमोजिम सूचना जारी गरिएको व्यहोरा अनुरोध छ।

तपसिलः-

१. राजनीतिक दल, उम्मेदवार, दलका भातृ संगठन तथा सम्बन्धित व्यक्तिले निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ मा उल्लिखित आचरणभित्र रही निर्वाचन प्रचारप्रसार सम्बन्धी काम गर्न सक्नेछन्।

२. जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने र कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्नु नहुने साथै उम्मेदवार वा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास वा धम्की दिनुहुँदैन।

३. जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, व्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्नुहुँदैन।

४. उम्मेदवार वा दलको कार्यालयमा साईनबोर्ड तथा कपडामा बनाईएको ३/४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राखे बाहेक दलको प्रचार गर्ने उद्धेश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाईन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्य दृश्य सामग्रीहरु प्रदर्शन वा प्रसारण गर्न नपाईनुका साथै दलको झण्डा वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन हुँदैन।

५. कुनै पनि साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचारप्रसार गर्न वा मत माग्न हुँदैन।

६. दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्याली गर्दा बढीमा १० वटा राष्ट्रिय झण्डा प्रयोग गर्न बाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन हुँदैन।

७. अनलाइन वेबपेज, टिभी स्क्रोलिङ्, सपिङ् मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न गराउन हुँदैन।

८. निर्वाचन प्रयोजनको लागि ७५ ग्रामसम्मको कागजमा ३०० वर्ग ईन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रंग र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग पाईनेछ।

९. प्रचारप्रसारका लागि घरदैलो, कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जना भन्दा बढीको जुलुस लिएर जान नमिल्ने साथै यसरी जाँदा बाजागाजा तथा झाँकी सहित जान हुँदैन।

१०. एक भन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ संगठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्नुहुँदैन। त्यस्तो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशन पालना गर्नुपर्नेछ।

इमेल : cdoudayapur@gmail.com, daoudayapur@moha.gov.np

वेबसाइट : http://daoudayapur.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर
कोशी प्रदेश, नेपाल
०३५-४२२१३३
०३५-४२२१३२
०३५-४२२१३१

पत्र संख्याः- २०८२।८३
चलानी नम्बर

११. जुलुस, आमसभा, कोणसभा वा भेला गर्नु अघि स्थानीय प्रशासनको अनुमति लिई मिति, समय, मार्ग र स्थानको बारेमा कम्तीमा २४ घण्टा अगावै स्थानीय प्रहरीलाई जानकारी गराउनुपर्नेछ।
१२. धार्मिक संस्था, आमा समूह, गैहसरकारी संस्था, आश्रम जस्ता स्थानमा वा कुनै पनि व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्नहुँदैन।
१३. विना स्वीकृति राजनीतिक दलको कार्यालयमा बाहेक अन्य कुनै पनि स्थानमा दलको झण्डा राख्न पाईनेछैन।
१४. ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिहरुले भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने कुनै किसिमका प्रचारप्रसार गर्नहुँदैन।
१५. राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले प्रचलित कानून र आचारसंहिता विपरित पोष्टर, भित्तेलेखन, तुल, व्यानर, डिजिटल डिस्प्ले प्रयोग गर्नहुँदैन। सरकारी/अर्धसरकारी/संस्थान/विद्यालयको भवन तथा क्षेत्र (जग्गा) प्रयोग गरी निर्वाचनसम्बन्धी भेला, कार्यक्रम वा प्रचारप्रसार गराउन पाईनेछैन।
१६. आयोगले तोकेबमोजिम बढीमा २(दुई) वटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन चल्न नसक्ने ठाउँमा बढीमा चार वटा घोडाको प्रयोग गर्न सक्ने। तर विदेशी नम्वर प्लेटको सवारी साधनलाई प्रयोगको अनुमति दिईनेछैन।
१७. बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन पाईनेछैन।
१८. कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ संगठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारका बाधा, अवरोध पुर्याउन पाईनेछैन।
१९. जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नुपर्नेछ।
२०. कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपाङ्ग्रे गाडी, मोटरसाईकल, साईकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडा लगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी र्याली आयोजना गर्न वा प्रचारप्रसार गराउन नहुने।
२१. सम्बद्ध व्यक्तिले निर्वाचन आचारसंहिता, २०८२ अध्ययन गरी पूर्ण जानकारी लिनुहुन साथै आचारसंहिताको पूर्णरुपमा परिपालना गर्नुहुन अनुरोध छ। कुनै द्विविधा भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालय र आचारसंहिता अनुगमन अधिकृतसँग सम्पर्क गर्न सक्नुहुनेछ।

<u>थप जानकारीको लागि सम्पर्क व्यक्ति र सम्पर्क नम्वर</u>

निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
एवं प्रमुख कोष नियन्त्रक श्री लक्ष्मी प्रसाद घिमिरे
सम्पर्क नम्बरः ९८५२८३५४२९
जिल्ला निर्वाचन अधिकारी श्री दिपक दाहाल
सम्पर्क नम्बरः ९८५२८२२२६२

२०८२।१०।१५

विक्रम प्रसाद पाण्डेय
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
एवं सहायक प्रमुख जिल्ला अधिकारी
सम्पर्क नम्बरः ९८५२८३५०७९